**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः२०८१/१०/०६

**भाग-२**

**गोदावरी नगरपालिका**

**सभाबाट पारित मितिः२०८१/०९/२६**

**प्रथम संशोधन सहित प्रमाणिकरण मितिः २०८१/१०/०६**

## गोदावरी नगरपालिका प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्बन्धी ऐन, २०८०

**प्रस्तावनाः** गोदावरी नगरपालिका क्षेत्रमा दिन प्रतिदिन प्लाष्टिकजन्य फोहर वढ्दै जाँदा नगरवासीहरुको जनस्वास्थ्य र नगरको समग्र वातावरण तथा सुन्दरतामा प्रतिकुल प्रभाव परि रहेकोले यसको प्रतिकुल प्रभावलाई न्यून गरी नगरलाई सफा, स्वच्छ, स्वस्थ, सुन्दर र हरियाली बनाउन फोहरमैलाको स्रोतमा न्यूनीकरण, पुनः प्रयोग,पुनःचक्रण वा विसर्जन गर्ने क्रममा नगर क्षेत्र भित्रको प्लाष्टिक जन्य वस्तुको उत्पादन, बिक्रि वितरण, भण्डारण र प्रयोग निषेध गरी प्लाष्टिकजन्य झोलाहरु लगायत एक पटक प्रयोग हुने प्लाष्टिकका वस्तुहरुको नियमन र व्यवस्थापन गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गोदावरी नगरपालिकाको नगरसभाबाट यो ऐन बनाएको छ।

## परिच्छेद— एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गोदावरी नगरपालिकाको प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्बन्धी ऐन २०८० रहेकोछ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएका मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)"ऐन"भन्नाले"गोदावरी नगरपालिकाको प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्बन्धी ऐन, २०८०" सम्झनु पर्दछ।

(ख)"नगरपालिका भन्नाले गोदावरी नगरपालिका सम्झनु पर्दछ।

(ग)"प्रमुख"भन्नाले गोदावरी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ र सो शव्दले प्रमुखको काम गर्न तोकिएको व्यक्तिलाई समेत सम्झनु पर्दछ।

(घ)"उप-प्रमुख" भन्नाले गोदावरी नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ

(ङ)"नगर प्रहरी" भन्नाले यस नगरपालिकाको नगर प्रहरीमा नियुक्त कर्मचारी सम्झनु पर्दछ।

(छ)"हानिकारक फोहोरमैला"भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पु-याउने विभिन्न रुपमा निष्कासित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ।

(ज)"विसर्जन"भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनु पर्छ।

(झ)"अनुगमन समिति"भन्नाले ऐनको दफा ६ बमोजिम बनेको समिति लाई सम्झनुपर्छ।

(ञ)"प्लाष्टिकजन्य वस्तु"भन्नाले प्लाष्टिकबाट निर्मित झोला, कप, गिलास,प्लेट, चम्चा, काटा, प्लाष्टिकबाट निर्मित फुलहरु, बुकेर एकपटक मात्रप्रयोग हुने प्लास्टिकका सम्पूर्ण सामग्रीहरु (all single use plastic items) सम्झनुपर्छ।

(ट)"वैकल्पिकझोला"भन्नालेStarch based Bio-degradable Plastic, कटन, कागज, कपडा अथवा जुटवाट

वनेका दैनिक उपभोग्य वस्तु तथा सामानहरु ओसार पोसार गर्नका लागी बनाइएका Bio-degradable झोलाहरुलाई सम्झनुपर्छ ।

(ठ)"अधिकार प्राप्त निकाय वा व्यक्ति" भन्नाले यस ऐनले तोकेको केही वा सबै कार्यको कार्यान्वयनका निम्ति नगरपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई जनाउनुका साथै यस शब्दले प्रमुख प्रशासकिय अधिकृतलाई समेत जनाउने छ।

(ड)"नीजि क्षेत्र" भन्नाले नाफा नकमाउने वा कमाउने गरी स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा सामाजिक संघ संस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था समेत भनी सम्झनुपर्छ।

(ढ)"सार्वजनिक नीजि क्षेत्र साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (नगरपालिका) र नीजिक्षेत्रका वीचमा कुनै काम गर्ने सम्बन्धमा कानुन वमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ।

(ण)"तोकिएको"वा "तोकिए बमोजिम"भन्नाले यस ऐन वा नगरपालिकाले समय-समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(त)"न्युनीकरण"भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी सानो आकार तथा पुनप्रयोग गरी परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ।

## परिच्छेद — दुई

### प्लाष्टिकका बस्तुहरुको प्रयोग र त्यसको नियमन सम्बन्धी व्यवस्था

**३. प्लाष्टिकजन्य बस्तु प्रयोग गर्न प्रतिबन्धः** (१)सार्वजनिक स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी प्लाष्टीकजन्य बस्तुको उत्पादन, आयात, निर्यात, विक्री वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाईनेछ।

(२) खाद्यपदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका बस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भै आएका प्लाष्टिक आदि जथाभावी फ्याक्न, थुपार्न, जलाउन बस्तीमा फ्याक्न पाइने छैन।

(३) प्लाष्टिक झोलाहरु जो पुनःचक्रण(Recycle) गर्न नसकिने प्रकृतिका हुन्छन तिनीहरुको प्रयोगमा नगरपालिकाले पुर्ण रुपमा रोक लगाउन सक्ने छ।

(४) कुनै चिज वस्तु प्याकिंग भई आएका प्लाष्टिक जन्य पदार्थहरु प्रयोगकर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई विक्रि वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ।

(५) पुनःचक्रण  गर्न सकिने प्लाष्टिकहरु उपभोग कर्ताले आफै विक्रि वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकहरु अन्य फोहरमैलामा नमिसाई नगरपालिकाले तोकि दिएको स्थान सम्म पुर्याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोगकर्ताको हुनेछ।

(६) प्लाष्टिकजन्य बस्तुहरु नगरपालिकाले तोकि दिएको स्थानबाट मात्र पुनःचक्रणको लागि संकलन गर्ने र यसरी संकलन गर्दा नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम शुल्क तिर्नु पर्नेछ।

(७) कुनै पनि प्रकारका प्लाष्टिकजन्य बस्तुहरु अन्य फोहोरमैला सँग मिसाई राख्न पाइने छैन। यस लाई छुट्टै पोका, भाँडा वा वोरामा राखी नगरपालिकाबाट खटिने फोहरमैला संकलकलाई अन्य फोहरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्ने छ वा सुक्ष्म वर्गीकरण केन्द्रमा दिन सक्नेछ

(८) उपभोक्ताले प्रयोग गरि सकेका प्लाष्टिकका वस्तुहरुका खोलहरु, निजि क्षेत्र, संघसंस्था मार्फत खरिद गर्न लगाई पुनःचक्रणका लागि सम्बन्धित निकायमा बिक्री गर्न नगरपालिकाले सघाउनेछ।

(९)यो ऐनले निषेध गरेका प्लाष्टिकजन्य वस्तुहरु बाहेक अन्य प्लाष्टिकजन्य वस्तुहरुको उपयोग पछि भएको प्लाष्टिकजन्य फोहरको व्यवस्थापनमा त्यस्तो प्लाष्टिकका वस्तुहरु उत्पादन गर्ने उत्पादन कर्ताबाट आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको रकम असुल गरिनेछ। प्लास्टिकको तत्काल बिकल्प नहुने र प्रयोग गर्नै पर्ने प्रकृतिको कारोबारमा प्रयोग हुने प्लास्टिक बारे नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(१०) साझेदारीमा अन्य नगरपालिकासंग सहकार्यमा प्लाष्टिक मुक्त अभियान गर्न चाहेमा सम्वन्धित नगरपालिकाले कार्य योजना बनाई संचालन गर्ने व्यवस्था मिलाइनेछ

**४. प्लाष्टिकजन्य बस्तु विक्री वितरण सम्वन्धमा**

यो ऐन लागु भएपछि कुनै पनि फर्म, कम्पनी वा व्यक्तिले निषेधित प्लाष्टिकजन्य वस्तुहरु गोदावरी नगर क्षेत्रमा उत्पादन, विक्रि वितरण, आयत, भण्डारण र प्रयोग गर्न समेत पाइने छैन।

**५.गोदावरी नगरपालिकाले निषेधित प्लाष्टिकजन्य  वस्तुहरुको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायका कार्य गर्ने वा गराउनेछ।**

(१) निषेधित प्लाष्टिकजन्य वस्तुहरु भन्दा उत्तम अन्य वातावरण मैत्री थप विकल्प खोज्ने र निषेधित प्लाष्टिकजन्य वस्तुहरु विस्थापित गर्न स्थानीय स्तरमा सामाजिक परिचालनको माध्यमबाट सहजीकरण कार्य गर्ने।

(२)फोहरमैला व्यबस्थापन तथा निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्बन्धि हरेक टोल तथा बस्तीहरुमा विभिन्न बैठक, भेला एवम् अन्तक्रिया, अभिमुखिकरण कार्यक्रम आयोजना गरि सचेतना कार्यक्रम सञ्चालन गर्ने।

(३) 3R (Reduce, Reuse & Recycle) कार्यान्वयन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रम संचालन गर्ने।

(४) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागी अनुगमन गर्ने।

(५) निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्वन्धि कार्ययोजना बनाई सरोकारवाला संस्थाको सहकार्यमा प्रभावकारी तवरले कार्यान्वयन गर्ने।

(६) निषेधित प्लाष्टिकजन्यवस्तुहरु नियन्त्रण अभियानलाई निरन्तरता दिनका लागि बार्षिक योजना, कार्यक्रम र बजेटको व्यवस्था मिलाउने।

(७) कार्यक्रमको सम्वन्धमा आवश्यक प्रचार प्रसार गर्ने गराउने।

(८) प्लाष्टिक झोला विस्थापन गर्न Bio-degradable (कपडा, कागज,Starch based Bio-degradable Plastic) झोला उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई नगरपालिकाले आवश्यक प्रोत्साहन गर्ने।

**६. नगर अनुगमन समिति** (१) निषेधित प्लाष्टिकजन्य वस्तुहरुको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि नगरपालिकामा देहाय बमोजिमको नगर अनुगमन समिति रहनेछः

क) संयोजक —नगर उप-प्रमुख

ख) सदस्य —वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक-१ जना

ग) सदस्य — वडा समितिको वडा प्रतिनिधि-१ जना

घ) सदस्य — प्रतिनिधि, स्थानिय प्रहरी कार्यालयबाट १ जना,

ङ) सदस्य —उद्योग वाणिज्य संघ र विभिन्न व्यावसायीक संघ संस्थाले तोकेको प्रतिनिधि -२ जना

च) सदस्य — वातावरण संरक्षण क्षेत्रमा काम गरिरहेका संघसंस्था र उपभोक्ता हित संरक्षण मञ्च मध्येबाट नगर प्रमुखले तोकेको १ जना महिला सहित प्रतिनिधि - २जना

छ) सदस्य- पत्रकार महासंघको प्रतिनिधि -१ जना

ज) सदस्य- आर्थिक विकास शाखा प्रमुख १ जना

झ) सदस्य-नगर प्रहरी इन्चार्ज -१ जना

ञ) सदस्य सचिव -वातावरण तथा विपद् व्यवस्थापन  शाखा प्रमुख- १ जना

(२) नगरपालिकाले ऐनलाई प्रभावकारी बनाउन आवश्यक उपसमिति तथा हरेक वडामा वडा अनुगमन समिति गठन गर्न सक्नेछ । उप समिति तथा वडा अनुगमन समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) आवश्यकतानुसार नेपाल सरकारका सम्बन्धित निकायका प्रमुख एवं प्रतिनिधिहरु, विषय विज्ञहरुलाई समितिले आमन्त्रण गर्न सक्नेछ ।

**७. नगर अनुगमन समितिको काम, कर्तव्य र अधिकार**

(१) यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने ।

(२) यस ऐन विपरीत निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण, प्रयोग गर्ने व्यवसायी, संस्था वा व्यक्तिबाट निषेधित प्लाष्टिकजन्य वस्तुहरु जफत गर्ने ।

(३) निषेधित प्लाष्टिकजन्य वस्तुहरुको बिक्री वितरण प्रयोग गर्न कम गर्ने किसिमका जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।

(४) वडा अनुगमन समितिलाई निषेधित प्लाष्टिकजन्य वस्तुहरु प्रतिबन्धका साथै फोहरमैला ब्यवस्थापन सम्बन्धि कार्यमा नगर अनुगमन वा सामाजिक विकास समिति र वातावरण तथा विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने।

(५) वडा अनुगमन समिति तथा नगर प्रहरीबाट प्राप्त सिफारिसलाई पुनरावलोकन गरी जरिवाना गर्ने।

(६) “3R”का कार्यलाई प्रोत्साहनगर्नआवश्यकताअनुसार सुविधा, पुरस्कार प्रदान गर्न सिफारिस गर्ने

(७) कसुरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने ।

(८) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण सम्वन्धि नगरपालिकाले तोके बमोजिमको अन्य काम गर्ने ।

(९) निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्बन्धि नीति नियम बनाउनु पर्ने भए नगर कार्यपालिकालाई

सिफारिस गर्ने।

**८. वडा अनुगमन समिति**

१. निषेधित प्लाष्टिकजन्य बस्तुहरुको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनका लागि वडा स्तरमा देहाय बमोजिमको वडा स्तरीय अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| संयोजक | - | सम्बन्धित वडाका वडा अध्यक्ष |
| सदस्य | - | वडा सदस्य (वडा अध्यक्षले तोकेको सदस्य) |
| सदस्य | - | स्थानीय व्यापारी (वडा अध्यक्षले तोकेको व्यक्ति) |
| सदस्य | - | नजिकको प्रहरी प्रमुख वा प्रतिनिधि |
| सदस्य | - | सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख वा प्रतिनिधि |
| सदस्य | - | विद्यालय प्रधानाध्यापक (वडाध्यक्षले तोकेको व्यक्ति) |
| सदस्य | - | नगर प्रहरी प्रतिनिधि |
| सदस्य | - | वन, वातावरण, विपद व्यवस्थापन शाखाको प्रतिनिधि |
| सदस्य | - | टोल सुधार समितिका प्रतिनिधिहरु |
| सदस्य | - | आमा समूहका प्रतिनिधिहरु |
| सदस्य | - | क्लबका प्रतिनिधिहरु |
| सदस्य सचिव | - | सम्बन्धित वडाका वडा सचिव |

२. दफा ८ मा उल्लेखित वडा समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(१) यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने ।

(२) यस ऐन विपरीत निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण, भण्डारण, प्रयोग गर्ने व्यवसायी, संस्था वा व्यक्तिबाट निषेधित प्लाष्टिकजन्य वस्तुहरु जफत गर्ने ।

(३) निषेधित प्लाष्टिकजन्य वस्तुहरुको बिक्री वितरण प्रयोग गर्न कम गर्ने किसिमका जनचेतना मुलक

कार्यक्रम सञ्चालन गर्ने ।

(४) "3R"का कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार सुविधा, पुरस्कार प्रदान गर्न सिफारिस गर्ने

(५) कसुरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने ।

(६) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण सम्वन्धि नगरपालिकाले तोके बमोजिमको अन्य काम गर्ने ।

(७) निषेधित प्लाष्टिकजन्य वस्तुहरु जफत गरेको सूचना तत्कालै नगरपालिकामा जानकारी गराउने

(८) वडा अनुगमन समितिको काम, कर्तव्य र अधिकार नगर अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

**९. निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण प्रकृयाः** दफा ६ र ८ अनुसार गठित नगर अनुगमन समिति, सामाजिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट नगर क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रणको लागि स्थानीय स्तरमा समय समयमा अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा प्लाष्टिक झोला उत्पादन,भण्डारण, बिक्री वा प्रयोग भएको पाईएमा निम्नानुसार प्रकृया बमोजिम कारवाही गरिनेछः

(१) निषेधित प्लाष्टिकजन्य वस्तुहरुलाई अभिलेख राखी नियन्त्रणमा लिने ।

(२) निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादक, भण्डारण, बिक्री वा प्रयोग कर्तालाई ऐन को दफा १० अनुसार तुरुन्तै जरिवाना गर्ने ।

(३) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रणमा लिएको सूचना तत्कालै सार्वजनिक गर्ने ।

**१०. कसुरः**

यस ऐन निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन, विक्रि वितरण, आयत, भण्डारणर प्रयोग गरेमा यस ऐनको प्रयोजनको लागि कसुर गरेको मानिनेछ ।

**(११) दण्ड सजायः**

(१) यस ऐन विपरित काम गर्ने बिक्रेता वा प्रयोगकर्तालाई कसुरको मात्रा हेरी नगरपालिकाले निम्न बमोजिम जरिवाना वा सजाय गर्न सक्नेछः

क) प्लाष्टिक झोला बिक्रेतालाई प्रथम पटकको लागि रु.१,०००/- (एक हजार रुपैंया) र दोश्रो पटक

रु. ३,०००/-(तीन हजार रुपैया) तेस्रो पटक देखी हरेकपटक रु.५,०००/- (पाँच हजार रुपैंया) का दरले जरिवाना गर्ने ।

ख) प्लाष्टिक/पोलिथिन झोला प्रयोग गर्नेलाई प्रथम पटक रु. १०।-(दश रुपैंया) दोस्रो पटक रु. ५०।-(पचास रुपैंया) र तेस्रो पटक रु. १००।- (एक सय रुपैंया) जरिवाना गरिनेछ ।त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी अन्य दण्ड/सजायलाई अगाडि बढाउने ।

ग) ऐनले प्रतिबन्ध गरेको प्लाष्टिक/पोलिथिन झोला उत्पादक कर्तालाई प्रथम पटक रु. २,०००।-(दुई हजार रुपैंया) दोस्रो पटक रु. ४,०००।- (चार हजार रुपैंया) र तेस्रो पटक रु. ६,०००।-(छ हजार रुपैंया) जरिवाना गरिनेछ । त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी अन्य दण्ड-सजायलाई अगाडि बढाउने ।

(२) दफा ११ को १ को खण्ड (क) र (ख) अनुसारको ऐनको उल्लङ्घन गर्ने उत्पादक र बिक्रि कर्तालाई नगरपालिकाले व्यवसायिक दर्ता खारेजी तथा कारोबार बन्द गर्न एवं नगरपालिकावाट प्रदान हुने सवै प्रकारका सेवा बन्द गर्न सक्नेछ।

**१२.पुरस्कारः** (१) नगर क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन, बिक्री बितरण, आयात, निर्यात, भण्डारण तथा प्रयोग गरेको सूचना गर्ने व्यक्ति ,जफत गर्ने कार्यमा संग्लग्न अनुगमन समितिका सदस्य तथा कर्मचारीलाई जरिवाना रकमको २० प्रतिशत रकम मध्ये दामासाहीले पुरस्कार दिने ।

(२) दफा ११ को १ बमोजिम सूचना गर्ने व्यक्तिको नाम, थर र ठेगाना गोप्य राखे।

**१२ (क) नियन्त्रणमा लिएका प्लाष्टिकजन्यवस्तुहरु बिषर्जनः**

अनुगमनको क्रममा वा अन्य कुनै समयमा नियन्त्रणमा लिएका प्लास्टिकजन्य वस्तुहरूलाई पुनः जस्ताको त्यस्तै प्रयोगमा ल्याउन नसकिने बनाउने कार्य गर्नेछ। यसका लागि उपलब्ध स्रोत साधनको प्रयोग गरी ती वस्तुहरूमा प्वाल पार्ने, काट्ने, वा धुल्याउने जस्ता प्रक्रिया अपनाइनेछ। त्यसपछि ती वस्तुहरू लिलाम बिक्री गरिनेछ।

## परिच्छेद — तीन

## विविध

**१३. गुनासो सुनुवाईः**दफा १० बमोजिम गरिएको कार्यवाही प्रति चित्त नबुझे सरोकारवालाले जरिवाना भएको मितिले पन्ध्र दिनभित्र नगरपालिकाका प्रमुख समक्ष प्रमाण सहित लिखित रुपमा गुनासो पेश

गर्न सक्नेछ । सो गुनासो उपर नगरपालिकावाट गुनासो पेश भएको एक हप्ता भित्र सुनुवाई गरि सक्नु पर्नेछ।

**१४. ऐनमा हेरफेरः**यो ऐन कार्यान्वयनका लागि आवश्यकता अनुसार संसोधन वा थपघट गर्नु परेमा नगर सभाबाट आवश्यक परिमार्जन वा थपघट गर्न सकिनेछ।

**१५. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेः** (१) यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२)नगरपालिकाले यस ऐन अन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. बचाउः** यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ।

आज्ञाले
हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत